श्री

आज मिति २०७३ साल माघ ०४ गतेका दिन घोराही नगर पालिका दाङका कार्यकारी अधिकृत श्री कृष्णप्रसाद सापकोटा ज्यू को अध्यक्षमा न.पा. बोर्ड बैठक बसी निम्न बमोजिम को उपस्थितीमा निम्न बमोजिमको निर्णय गरियो ।

## उपस्थिती

१- श्री कृष्णप्रसाद सापकोटा - कार्यकारी अधिकृत

२ श्री सुबोध रेग्मी - शाखा अधिकृत

३ श्री कुमार सिंह पुन - नायब सुब्बा

४ श्री बासुदेव पोखेल - "

५ श्री शेरबहादुर थापा - "

६ श्री प्रेमबहादुर के.सी. - "

७ श्री बीर बहादुर वली - स.भा.

८ श्री प्रकाश विश्वकर्मा - लेखापाल

९ श्री जंगबहादुर जि.सी. - खरिदार

१० श्री लिलाजीत नेपाली -

## निर्णय नं. १

यस नगरपालिकाको मिति २०७३।८।६ को वोर्ड बैठकवाट ठूला पूर्वाधार बिकास कार्यक्रम अन्तरगत जमूना टोलमा सडक पिच तथा नाला निर्माण आयोजना स्वीकृत भएकोमा मिति २०७३।६।१२ गते जमूना टोल विकास संस्थावाट माथी उल्लेखित आयोजना विविध कारणले यस आ. व. मा संचालन नगर्ने भन्ने निर्णय भएकोले उक्त आयोजनाको सट्टामा तपसिल बमोजिम को आयोजना स्वीकृत गर्ने निर्णय गरियो ।

## तपसिल

| सि.नं. | आयोजनाको नाम | वडा नं. | कूल लागत | अनुदान रकम | उपभोक्ता लागत | जम्मा रकम |
|---|---|---|---|---|---|---|
| १ | स्वर्गद्वारी र सिद्धार्थ टोलमा सडक पिच तथा नाला निर्माण | १० | ६००००००/- | ३४१,६०००/- | २५८४०००/- | ६००००००/- |

## निर्णय नं. २

यस नगरपालिकावाट संचालित आयोजना तथा कार्यक्रमहरुको जाँचपास तथा फरफारक गर्नका लागि गठन भएको समितिका संयोजक इ. रामधन श्रेष्ठ फर्कि न आउन्जेल सम्मका लागि सोही समितिका सदस्य श्री सुबोध रेग्मीलाई संयोजकको जिम्मेवारी दिने निर्णय गरियो ।

## निर्णय नं. ३

यस नगरपालिकाबाट गठित सुपरीवेक्षण तथा अनुगमन समितिको मिति २०७३ कार्तिक २ गते बसेको बैठकबाट आएका सुझावहरुलाई मनन गरि कार्यान्वयनपक्षलाई छिटो छरिटो गर्न व्यापक प्रचार प्रसार गर्ने र बजेट विनियोजन गर्दा आयोजना लाई पुग्ने गरि बिनियोजन गर्ने निर्णय गरियो ।